फोन : ०७१-५५१२१६
०७१-५४०८३९
०७१-५४७४७४

प्रदेश सरकार
प्रदेश नं. ५

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

बुटवल, नेपाल

सचिव

## गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम कार्यान्वयनका लागि आशयपत्र (Expression of Interest) आह्वान गरिएको सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७६।०४।२२ (07 August, 2019)

यस प्रदेश मातहतका १२ जिल्लाहरु (नवलपरासी बर्दघाट सुस्ता पश्चिम, रुपन्देही, पाल्पा, गुल्मी, अर्घाखाँची, कपिलवस्तु, प्युठान, रोल्पा, रुकुम पूर्व, दाङ, बाँके र बर्दिया) अन्तरगतका २३ वटा क्लष्टरहरुमा चालु आ.ब. २०७६/७७ मा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत नयाँ लघु उद्यमी सृजना र स्तरोन्नतीका कार्यक्रम सञ्चालन गर्नु पर्ने भएकाले सो प्रयोजनका लागि **E-submission** को माध्यमबाट आशयपत्र (**Expression of Interest**) माग गरी **E-submission** प्रक्रियाबाट दर्ता भएका आशय पत्रहरु बीच प्रतिस्पर्धाबाट योग्यताक्रमका आधारमा व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुको छनौट गर्नुपर्ने भएकाले इच्छुक सेवा प्रदायक संस्था, गैर सरकारी संस्था, फर्म वा कम्पनीबाट उक्त कार्यक्रम सञ्चालन गर्नका लागि रीतपूर्वकको आशयपत्र (**Expression of Interest**) पेश गर्न १५ दिने सूचना आह्वान गरिएको छ। विस्तृत जानकारी यस मन्त्रालयको Website: www.moitfe.p5.gov.np वा www.bolpatra.gov.np/egp बाट प्राप्त गर्न सकिने छ।

सम्पर्क व्यक्ति
श्री विष्णु प्रसाद भट्टराई
फोन नं. ०७१-५४७४७४
मो.नं. ९८४७५५२६२३

**शर्तहरु**

१. आशयपत्रदाताले निम्नानुसारको कागजात तथा प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।
   - क. संस्था (व्यवसाय विकास सेवा प्रदायक संस्था, गैर सरकारी संस्था, प्राइभेट वा साझेदारी फर्म वा कम्पनी) को विधान वा प्रबन्धपत्र, नियमावलीमा लघु उद्यम वा व्यवसाय विकास वा सिप विकास तालिम वा आयआर्जन क्षेत्रमा काम गर्ने उद्देश्य उल्लेख भएको ।
   - ख. संस्था दर्ता भएको अवधि न्युनतम २ बर्ष पुरा भएको ।
   - ग. संस्थाको नवीकरण अद्यावधिक भएको।
   - घ. मूल्य अभिवृद्धि करमा दर्ता भएको ।
   - ङ आ.ब. २०७४/७५ को कर चुक्ता प्रमाण पत्र (कर छुट सुविधा प्राप्त गरेको संस्थाले कर कार्यालयमा आफ्नो बार्षिक कारोबारको बिवरण पेश गरेको प्रमाण) ।
   - च. कार्यक्षेत्रगत शर्त **(TOR)** मा उल्लेख भए बमोजिम जनशक्ति भएको वा उपलव्ध गराउन सक्ने।
   - छ. काम गर्न चाहेको जिल्ला उल्लेख भएको (एक संस्थाले यस प्रदेश अन्तरगतको बढीमा २ वटा जिल्लाहरुमा मात्र आशयपत्र पेश गर्न पाउने)
   - ज. कालो सूचीमा नपरेको स्वघोषणा- पत्र ।
   - झ. आ.ब. २०७३/७४ र २०७४/७५ को लेखा परीक्षणको प्रतिवेदन ।

फोन : ०७१-५४१२१६
०७१-५४००८१
०७१-५४४४४४

सचिव

ञ. गैर सरकारी संस्थाको हकमा समाज कल्याण परिषदमा दर्ता भएको र कम्पनीको हकमा सम्बन्धित निकायबाट काम गर्ने इजाजत प्राप्त गरेको ।

ट. अनुसूची १ अनुसारको गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालनको लागि आशयपत्र फाराम

२. आशयपत्र आह्वानको सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ औं दिनसम्म www.bolpatra.gov.np/egp वा Website: www.moitfe.p5.gov.np बाट कार्यक्षेत्रगत शर्त (**TOR**) प्राप्त गर्न सकिनेछ। E-submission www.bolpatra.gov.np/egp बाट पनि कार्यक्षेत्रगत शर्त (TOR) download गरी प्राप्त गर्न सकिने छ। E-submission www.bolpatra.gov.np/egp बाट प्रस्तावित आशयपत्रहरु १६ औं दिनको १२:०० बजे भित्र पेश गरिसक्नु पर्नेछ र यसरी पेश भएका आशयपत्रहरु सोही दिनको २:०० बजे यस मन्त्रालयमा खोलिनेछ। सो कार्यमा प्रस्तावित आशयपत्रहरुका आधिकारिक प्रतिनिधिहरुको उपस्थिति नभए पनि आशयपत्र खोल्न बाधा पर्ने छैन। आशयपत्र खोलिने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिनको २:०० बजे खोलिनेछ।

३. आशयपत्र **Internet** बाट **E-submission** गर्दा कुन जिल्लामा कार्यक्रम संचालन गर्नको लागि पेश गरिएको हो सो प्रष्ट खुलेको हुनुपर्नेछ । रित नपुगेको र कुन जिल्लाको लागि आशयपत्र पेश गरिएको हो सो प्रस्ट नखुलेको आशयपत्र उपर कुनै कारवाही हुने छैन । एक संस्थाले माथि उल्लेखित जिल्लाहरु मध्ये बढीमा २ जिल्लामा मात्र आशयपत्र पेश गर्न सक्नेछन्। साथै यस प्रदेश अन्तरगतका दुबै जिल्लामा कार्यक्रम सञ्चालन गर्न चाहने सेवा प्रदायकहरुले प्रत्येक जिल्लाको लागि छुट्टाछुट्टै जनशक्ति (कर्मचारी) प्रस्ताव गरी आशयपत्र दर्ता गर्नु पर्नेछ।

४ एकै जनशक्ति (कर्मचारी) प्रस्ताव गरी एक भन्दा बढी जिल्लाका लागि आशयपत्र पेश गरेको पाइएमा एक जिल्लाको लागि मात्र आशयपत्र मूल्यांकन गरिनेछ। एकभन्दा बढी संस्थाले एकै जनशक्ति (कर्मचारी) प्रस्ताव गरी आशयपत्र पेश गरेको पाइएमा मन्त्रालयले तोकेको समय भित्र सम्बन्धित जनशक्तिको मन्जुरीनामा आशयपत्र संस्था/फर्म/कम्पनीले पेश गर्नुपर्ने छ। सो पेश गर्न नसक्ने आशयपत्र दाताको आशयपत्रमा उल्लेखित जनशक्ति रद्द गरिनेछ।

५. तोकिएको मिति र समय भित्र पर्न आएका आशयपत्रहरु मध्येबाट सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७० (चौथो संशोधन २०७६) बमोजिम मूल्यांकन गरी योग्यताक्रमका आधारमा छनौट भएका संस्थाहरुको सूची बर्णानुक्रम अनुसार राष्ट्रिय पत्रिकामा प्रकाशित गरी सम्बन्धित जिल्लामा पठाइनेछ ।

दुई वा दुई भन्दा बढी गैर सरकारी संस्था, फर्म वा कम्पनीले संयुक्त उपक्रम (Joint Venture) को रुपमा कार्य/परामर्श सेवा दिने भए त्यस्ता फर्म वा कम्पनीको नाम, ठेगाना, विवरण तथा मुख्य भई काम गर्ने संस्था, फर्म वा कम्पनीको नामका साथै प्रचलित कानून बमोजिमको रीत पुऱ्याई आशयपत्र पेश गर्नुपर्नेछ अन्यथा त्यस्ता आशयपत्र उपर कारवाही हुने छैन ।

६. जिल्लामा पठाईएको सूची भित्रबाट सोही जिल्लामा कार्यक्रम संचालनका लागि जिल्ला उद्यम विकास समितिको समन्वयमा जिल्लास्तरमा रहेका घरेलु तथा साना उद्योग कार्यालय र घरेलु तथा साना उद्योग

फोन : ०७१-५४१२१६
०७१-५४०८३९
०७१-५४४४५४

विकास समितिका कार्यालयले पेश भएका आर्थिक र प्राविधिक प्रस्तावहरु मूल्याङ्कन गरी योग्यताक्रमका आधारमा पाँचवटा सम्म स्थानीय तह भएको जिल्लाको हकमा एक र छ वा छ भन्दा बढी स्थानीय तह भएको जिल्लाको हकमा दुईवटा व्यवसाय विकास सेवा प्रदायक संस्थाको छनौट गर्नेछन् ।

७. आशयपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको पोर्टल www.bolpatra.gov.np/egp बाट आशयपत्र पेश गर्न सक्नेछन् । आशयपत्रमा पेश गर्नुपर्ने कागजातहरु पोर्टल www.bolpatra.gov.np/egp मा log in गरी प्राप्त निर्देशन अनुसार PDF Format मा अपलोड गर्नुपर्नेछ। आशयपत्र खोल्ने समयमा आशयपत्रदाताको आशयपत्रहरु PDF Format मा अपलोड भएको नदेखिएमा, अपलोड भएको PDF File प्रष्टसँग नबुझिएमा, डाउनलोड हुन नसकेमा वा नभएमा वा डाउनलोड भएको PDF File नखुलेमा यस मन्त्रालय जवाफदेही हुने छैन ।

८. आशयपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा रहने छ। आशयपत्र सम्बन्धमा विवाद आएमा यस मन्त्रालयको निर्णय अन्तिम हुनेछ।

९. जनशक्तिको रुपमा कम्तिमा ६ जना उद्यम विकास सहजकर्ताहरु प्रस्ताव गर्नु पर्नेछ । उद्यम विकास सहजकर्ता प्रस्ताव नगरेका आशयपत्रहरु मान्य हुने छैनन् ।

१०. प्रचलित कानूनको अधिनमा रही तयार गरिएको यस कार्यक्षेत्रगत शर्त (TOR) मा उल्लेख भएका कुराहरु यसै बमोजिम र अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७० (चौथौं संशोधन २०७६) र प्रचलित कानून बमोजिम हुनेछ ।

११. आशयपत्र सम्बन्धी विस्तृत छलफलको लागि यो सूचना प्रकाशित भएको मितिले सातौं दिनको १३:३० बजे अग्रिम बोलपत्र बैठक (Pre bid meeting) मन्त्रालयको बैठक कक्षमा बस्नेछ । सो दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिनको १३:३० बजे बस्नेछ । उक्त बैठकमा सहभागी हुन इच्छुक आशयपत्रदाताहरुलाई यसै सूचनाबाट जानकारी गराइएकोछ ।

सचिव